नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:-२०७६/०७७ मिति:-२०७६/०८/२७

चलानी नं.:- २९२

विषय:- खोरेत तथा रेबिज रोगलाई सूचित गर्नुपर्ने रोगको सूचीमा समावेश गरेको सम्बन्धमा ।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. २०७६/७७, च.नं.५९, मिति २०७६/०८/२४ को पत्रबाट खोरेत तथा रेबिज रोगलाई सूचित गर्नुपर्ने रोगको सूचीमा समावेश गरेको सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वय गरिदिनुहुनको लागि आदेशानुसार अनुरोध छ ।

..............................
जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:-**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५

पत्र संख्या: ०७६/०७७
च.नं.: ५६

मितिः २०७६।८।२४

**विषयः खोरेत तथा रेविज रोगलाई सूचित गर्नुपर्ने रोगको सूचीमा समावेश गरेको सम्बन्धमा।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

दर्ता नं.:- ६६९३ २०७६।८।२६

प्रस्तुत विषयमा नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूची-१० मा रहेका सूचित गर्नुपर्ने रोगहरुको विवरणमा क्रम संख्या (२३) खोरेत (फूट एण्ड माउथ डिजिज) र (२४) रेविज थप गरेकोले सो सम्बन्धी जानकारी सबै स्थानीय तहहरुमा गराइदिनुहुन अनुरोध छ। सो सम्बन्धी नेपाल राजपत्रमा मिति २०७६।५।९ गते प्रकाशित सूचना यसै पत्रसाथ संलग्न छ।

नेपाल सदस्य रहेको विश्व पशु स्वास्थ्य संगठनमा पशुपन्छीका रोग सम्बन्धमा नियमित रिपोर्टिंग गर्नु पर्ने र सोको लागि तथ्यांक आवश्यक भएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूची-१० मा उल्लिखित सूचित गर्नुपर्ने लगायतका पशुपन्छीका रोगहरुको सघन निगरानी गर्न, रोगको शंका लागेमा तत्काल उपयुक्त नमूना संकलन गरी नजिकका पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरुमा परीक्षणका लागि पठाउन, रोगको सूचना Android phone प्रयोगकर्ताहरुका लागि play store मा उपलब्ध EPIVET app मार्फत तत्काल दिन र रोग देखा परेको स्थानबाट नमूना संकलन गरिएमा http://www.epivet.gov.np/np/downloads मा उपलब्ध आउटब्रेक रिपोर्टिङ सम्बन्धी फर्मेट समेत भरी पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षणका लागि पठाउन सबै स्थानीय तहहरुलाई जानकारी गराइदिनुहुन अनुरोध छ।

डा. विजय चन्द्र झा
सह-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक समन्वय तथा योजना महाशाखा, सिंहदरवार, काठमाडौं।
श्री पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, भदौ ९ गते, २०७६ साल (संख्या २३

## भाग ३

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

### सूचना

नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २३ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-१० को क्रम सङ्ख्या (२२) पछि देहायका क्रम सङ्ख्या (२३) र (२४) थपेकोले यो सूचना प्रकाशन गरिएको छ :-

"(२३) खोरेत (फूट एण्ड माउथ डिजिज)

(२४) रेविज"

आज्ञाले,

प्रकाश माथेमा

नेपाल सरकारको सचिव